# नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकारको स्वामित्व)
## वितरण तथा ग्राहक सेवा निर्देशनालय

## सेवा प्रदायकबाट विद्युत महशुल संकलन गराउने सम्वन्धी प्रस्ताव आव्हानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।०२।२९

नेपाल विद्युत प्राधिकरणले ग्राहकवर्गलाई पुर्‍याउने सेवा विस्तार गर्ने सन्दर्भमा विद्युत महशुल संकलन कार्यलाई शहरी तथा दुर्गम ग्रामिण क्षेत्रहरुमा सहज रुपमा पुर्‍याउन सुरक्षित, भरपर्दो अत्याधुनिक प्रविधिहरुबाट महशुल संकलन गर्ने कार्य गर्न ईच्छुक व्यक्ति, संस्था तथा सेवा प्रदायकहरुबाट प्रस्ताव माग गरिएको छ । प्रस्तावमा उल्लेख गर्नु पर्ने सेवा शर्तहरु नेपाल विद्युत प्राधिकरणको Website www.nea.org.np बाट डाउनलोड गर्न सकिने वा नेपाल विद्युत प्राधिकरण, कम्प्युटराईज्ड बिलिङ्ग तथा नेटवर्क महाशाखाबाट जानकारी लिन सकिने व्यहोरा सम्वन्धीत सबैको जानकारीको लागि सूचित गरिन्छ । उक्त प्रस्तावको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आवश्यक प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

सम्पर्क :
नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
कम्प्युटराईज्ड विलिङ्ग तथा नेटवर्क महाशाखा, रत्नपार्क ।
फोन नं : ४१५३१७६, ४१५३२८७

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

## वितरण तथा ग्राहक सेवा निर्देशनालय

### कम्प्युटराईज्ड बिलिङ्ग तथा नेटवर्क महाशाखा

### रत्नपार्क, काठमाण्डौं

## सेवा प्रदायकबाट विद्युत महशुल संकलन गराउने सम्वन्धी प्रस्ताव आव्हानको सूचना ।

सेवा प्रदायकको नाम : ..............................................

ठेगाना : ..............................................

प्रथम पटक सूचना प्रकाशित मिति : २०७४।०२।२९

प्रस्ताव दाखिला गर्ने अन्तिम मिति : २०७४।०३।१२

**सेवा प्रदायकले प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने विवरण / कागजात :**

१. नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको कम्पनी वा सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित (notarized) प्रतिलिपी ।

२. आयकर/PAN/VAT दर्ताको प्रमाणपत्रको प्रमाणित(notarized) प्रतिलिपी र आ.व. ०७२।७३ सम्मको Tax Clearance Certificate ।

३. संस्था/कम्पनीका गत तीन आर्थिक वर्षको Audited Balance Sheet को प्रमाणित (notarized) प्रतिलिपी

४. जनउपयोगी सार्वजनिक संस्था (Public Utility) हरुको महशुल भुक्तानी व्यवस्थापन गर्न वा वैंकिङ एवं वित्तिय कारोवार गर्न नेपाल सरकारको सम्वन्धित निकायबाट प्राप्त गरेको इजाजत प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

५. कम्पनी Joint Venture वा Consortium मा आउन चाहेमा Lead Partner को कम्तीमा ५१% स्वामित्व हुने गरी बढिमा ३ वटा कम्पनीहरु प्रस्तुत हुन सक्ने ।

६. संस्था / कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित (notarized) प्रतिलिपी ।

७. सेवा प्रदायकले काम गर्नुपर्ने क्षेत्र र प्रदायकको क्षेत्रगत सञ्जाल (Working Area And Network Coverage):

   नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु रहेका शहरी क्षेत्र लगायत दुर्गम ग्रामिण क्षेत्रहरु बढी भन्दा बढी समेट्ने गरी सेवा पुर्‍याउन सक्ने विवरण ।

८. सेवा प्रदायक कम्पनीको अनुभव :

   ८.१ सेवा प्रदायक कम्पनीले महशुल संकलन सम्वन्धमा अवलम्वन गर्ने कार्यविधि, प्रविधि तथा पर्याप्त व्यवस्थापन गर्न सक्ने आधार सहितको विवरण पेश गर्नुपर्ने ।

   ८.२ सेवा प्रदायक कम्पनीमा प्राविधिक दक्ष जनशक्तिको विवरण उपलब्ध गरि Software Development/Support/Management Team हरेकमा कम्तीमा ५ जना विषयगत दक्ष जनशक्ति भएको हुनु पर्ने ।

   ८.३ महशुल सङ्कलन सम्वन्धी विगतमा गरेको कार्य अनुभव तथा कार्य सन्तोषजनक रुपमा सम्पन्न गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

९. प्राविधिक व्यवस्थापन:

९.१ नेपाल विद्युत प्राधिकरणको विद्युत महशुलसँग सम्वन्धित आय संकलन तथा व्यवस्थापनको लागि हाल विद्यमान mPower Billing System मा प्रयोग भएका प्राविधिक विषयवस्तुहरु देहाय वमोजिमका छन् ।

- Backend Database (Oracle 10g)
- Middle Tier मा JBoss 4.05
- Frontend मा JAVA प्रयोग भएका (jre 1.4 version)
- Operating System Platform (Linux RHEL 5.0 Version)
- Data Transfer Mode ( हाललाई Batch Processing )

* ने.वि.प्रा. ले सेवा प्रदायकलाई उपलब्ध गराउँने Format "**CSV**".
* सेवा प्रदायकले ने.वि.प्रा. लाई उपलब्ध गराउनु पर्ने Format "**Excel"**

माथि उल्लेखित प्राविधिक विषय वस्तुसँग प्रविधि मैत्री हुने गरि सेवा प्रदायकले अवलम्वन गर्ने प्रविधि प्रस्तुत गर्नुपर्ने छ ।

९.२ कम्पनीले विद्युत महशुल संङ्कलन गर्ने कार्यको लागि प्राधिकरणको प्रत्येक वितरण केन्द्रको लागि Data Transfer Adaptor (Source Code ) सहित निशल्क उपलब्ध गराउँनु पर्ने छ । उक्त Software नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहने छ ।

१०. सेवा प्रदायक / Company मा प्रयोग भएको Software को Technical Audit Report पेश गर्नुपर्ने छ ।

११. ग्राहकवर्गवाट विद्युत महशुल सड्कलन गर्दा नगद सड्कलनका अतिरिक्त अन्य बहु विकल्पहरु (Multi-Option) को प्रयोग (जस्तै : बैंक मार्फत भुक्तानी, POS Terminal, Mobile Application, Online Service etc.) बाट भुक्तानी गरि ग्राहकहरुलाई सुविधा उपलब्ध गराई रहेको वा निकट भविष्यमा सो प्रकारको सुविधा उपलब्ध गराउँन सक्ने सम्वन्धी विवरण पेश गर्नु पर्ने ।

१२. संकलित रकम प्राधिकरणमा जम्मा गर्ने समय र तरिका तथा सो को सुरक्षण सम्वन्धी व्यवस्था:

१२.१ सेवा प्रदायकको प्रस्ताव भएपछि विद्युत महशुल सङ्कलन कार्यको सुरक्षण स्वरुप प्राधिकरणलाई २(दुई) किसिमको बैंक ग्यारेन्टी उपलब्ध गराउँनु पर्नेछ । प्राधिकरणसँग सम्झौता गर्नुपूर्व पहिलो ग्यारेन्टी स्वरुप रु. ५०,००,०००।- (पचास लाख) को "क" श्रेणीका वाणिज्य बैंकबाट वार्षिक नवीकरण हुने गरी कम्तीमा १ वर्षको म्याद राखी प्राधिकरणको पक्षमा विना शर्त जारी भएको बैंक ग्यारेन्टी र दोश्रो ग्यारेन्टी स्वरुप सेवा

प्रदायकले विद्युत महशुल सङ्कलन गरेको रकमको आधारमा १५ दिनको सङ्कलित रकम बराबरको "क" श्रेणीका वाणिज्य बैंकबाट कम्तीमा १ वर्षको म्याद राखी वार्षिक नवीकरण हुने गरी प्राधिकरणको पक्षमा बिनाशर्त जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

उल्लेखित बैंक ग्यारेन्टीहरुको म्याद सकिनु भन्दा एक महिना अगावै नवीकरण गराई करार सम्झौता अनुसार अद्यावधिक गराउनु पर्नेछ । दोश्रो प्रकारको बैंक ग्यारेन्टी प्रत्येक ३।३ महिनामा सेवा प्रदायकले सङ्कलन गरेको रकम बढेको खण्डमा पुनरावलोकन गरी अद्यावधिक गरिने छ ।

१२.२ सेवा प्रदायक कम्पनीले प्रत्येक दिन संकलन गरेको महशुल रकम प्राधिकरणले तोकेको बैंक खातामा भोली पल्ट जम्मा गरिसक्नु पर्ने छ । रकम जम्मा गर्नु पर्ने दिन सार्वजनिक बिदा परेमा त्यस पछि कार्यालय खुलेको पहिलो दिन जम्मा गरिसक्नु पर्ने छ ।

१२.३ सेवा प्रदायक कम्पनी "क" वर्गको वाणिज्य बैंक बाहेक अन्य भएमा सो सेवा प्रदायक कम्पनी र कुनै "क" वर्गकै वाणिज्य बैंक बीच वित्तीय कारोबार गर्ने सम्बन्धमा भएको प्रत्याभूति सहितको सम्झौता पत्रको प्रमाणित (Notarized) प्रतिलिपी पेश गर्नु पर्ने ।

१२.४ सेवा प्रदायकले तोकिएको समयमा प्राधिकरणको खातामा सङ्कलित रकम जम्मा नगरेमा प्रतिदिन सङ्कलित रकमको ०.५% का दरले विलम्ब शुल्क सहित प्राधिकरणको खातामा रकम जम्मा गर्नुपर्ने र सेवा प्रदायकले दैनिक सङ्कलित रकम लगातार ३ (तीन) दिनसम्म प्राधिकरणको खातामा जम्मा नगरेमा सेवा प्रदायक कम्पनी मार्फत भईरहेको महशुल सङ्कलन कार्य बन्द गराई निजले राखेको बैंक ग्यारेन्टी जफत गरिने छ ।

१३. विद्युत महशुल सङ्कलन सम्बन्धमा माथि उल्लेखित बाहेक अन्य कुराहरु भए सो पनि उल्लेख गर्नु पर्ने छ ।

१४. प्रस्ताव पेश गर्दा नेपाल विद्युत प्राधिकरण, विद्युत महशुल संकलन गराउने सम्बन्धी कार्यविधी, २०७१ अनुसार गर्नुपर्नेछ । सो कार्यविधी तथा अन्य जानकारी तल उल्लेखित कार्यालयमा सम्पर्क राखी लिनु हुन समेत जानकारीको लागि अनुरोध छ ।